# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टङ्गाल, काठमाडौं

मितिः २०८२।१२।१० गते ।

# प्रेस विज्ञप्ति

## विषय: आरोपपत्र दायर गरिएको ।

जिल्ला बझाङ्ग, बित्थडचिर गाउँपालिका वडा नं. ९ स्थित बागथला धारी डोबा सडक निर्माण कार्यमा सडकमा ग्याबिन कार्य र मेसिनरी कार्यको काम नभई भुक्तानी दिएको भन्नेसमेत व्यहोराको प्राप्त उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा जिल्ला बझाङ्ग, बित्थडचिर गाउँपालिकाका तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत चक्रदेव भट्ट, इन्जिनियर सन्देश भण्डारी, सव-इन्जिनियर किरण भण्डारी, लेखापाल रामचन्द्र धामी र निर्माण व्यवसायी भुमिराज कन्सट्रक्शनका प्रोपाइटर मान बहादुर बोहराको आपसी मिलेमतो र संलग्नतामा बागथला धारी डोबा रोड (रोड२) मेशनरी वर्क (ठेक्का नं. **BCRM/CW-12-2077-078**) निर्माण कार्य योजना अन्तर्गत बागथला धारी डोबा रोडमा सिंचाई क्यानल तथा मेशनरी वर्क ह्युम पाइप कलभर्ट समेतको संरचना निर्माणसम्बन्धी कार्यमा योजनाको कार्य सम्झौताबमोजिम सम्पन्न नहुँदा नहुँदै निर्माण कार्य सम्पन्न भएको भनी निर्माणस्थलमा वास्तविक रूपमा निर्माण हुँदै नभएको आइटमहरूको समेत सम्झौता अनुसार कै परिमाणको निर्माण कार्य भएको उल्लेख गरी झुट्टा ठेक्का सम्बन्धी बिल तयार गरी भुक्तानी लिने/दिने कार्य गरे गराएको देखिएकोमा निर्माण कार्य अन्तर्गत नापी किताबमा ३३८ मिटर लम्बाई सिंचाई क्यानल उल्लेख भएकोमा फिल्डमा २४८ मिटर लम्बाईको सिंचाई क्यानल रहेको देखिएको र Masonry work for Hume pipe culvert and other structure (1:4) C/S Mortar को कार्य फिल्डमा नै देखिन नआएकोले प्रतिवादीहरूले बदनियत राखी बिल र कार्य सम्पन्न प्रतिवेदनमा उल्लेख भए भन्दा फिल्डमा कम काम गरी/गराई सो बमोजिमकै कार्य गरेको भनी झुट्टा बिल भरपाई बनाई/बनाउन लगाई गलत प्रतिवेदन तयार गरी गर्न लगाई सरकारी रकम रू.८,४८,९६२।२२ (आठ लाख अठ्चालीस हजार नौ सय बयसठ्ठी रूपैयाँ बाइस पैसा) बराबरको निर्माण व्यवसायीलाई बढी भुक्तानी लिई/दिई राष्ट्रसेवकहरूले आफू समेतलाई गैरकानुनी लाभ पुऱ्याउने र जिल्ला बझाङ्ग, बित्थडचिर गाउँपालिका/नेपाल सरकारलाई गैरकानुनी हानिनोक्सानी पुऱ्याउने गलत नियतले भुक्तानी लिई/दिई कार्य गरी/गराई भ्रष्टाचार निवारण ऐन, २०५९ बमोजिमको कसुर गरेको पुष्टि भएको हुँदा देहायबमोजिमको सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

**देहाय**

| सि.नं | नामथर, पद र कार्यालय | बिगो रू. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|
| १. | जिल्ला बझाङ्ग, बित्थडचिर गाउँपालिकाका तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत **चक्रदेव भट्ट** र लेखापाल **रामचन्द्र धामी** | जनही रू.८,४८,९६२/२२ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ग) र (ङ) बमोजिमको कसुरमा सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद सजाय र बिगोबमोजिम जरिवाना गरी उक्त बिगोसमेत सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम असुल उपर हुन मागदाबी लिइएको छ। |

| | | | |
|---|---|---|---|
| २. | जिल्ला बझाङ्ग, बित्थडचिर गाउँपालिकाका तत्कालीन इन्जिनियर **सन्देश भण्डारी** र सब-इन्जिनियर **किरण भण्डारी** | रू.८,४८,९६२/२२ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ग) र (ङ) बमोजिमको कसुरमा सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद सजाय र बिगोबमोजिम जरिवाना गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम बिगोसमेत असुल उपर हुन साथै भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुरमा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम कैद तथा जरिवाना हुनसमेत मागदाबी लिइएको छ। |
| ३. | श्री भुमिराज कन्स्ट्रक्सन धनगढी, कैलालीका प्रोपाइटर **मान बहादुर बोहरा** | रू.८,४८,९६२/२२ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) को कसुरमा सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिम कैद सजाय र बिगोबमोजिम जरिवाना गरी बिगोसमेत असुल उपर हुन मागदाबी लिइएको छ। |

प्रवक्ता
सुरेश न्यौपाने